# सप्तरी जिल्ला अदालत

राजविराज

[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९

टोल फ्री नं. १६६०३१५२००५

**सूचना !** **सूचना ! !** **सूचना ! ! !**

## मिति २०७८।२।३१ गते शुक्रबार

उपर्युक्त विषयमा हाल देखिएको नयाँ भेरिएन्टसहितको कोभिड-१९ को संक्रमण देशै भरि व्यापकरूपमा विस्तार भइरहेको सन्दर्भमा यस अदालतवाट प्रदान गरिने न्यायिक सेवाहरूको हकमा मिति २०७८।१।१९ गते देखि सेवा संकुचन गरी सेवा प्रवाह गरिँदै आएको र पुनः मिति ०७८।२।२१ मा प्रकाशित सूचना अनुसार मिति ०७८।२।३१ गतेसम्म पूर्ववतरुपमा तोकिएका सेवाहरु मात्र सुचारु गरिँदै आएकोमा यसैबीच जिल्ला संक्रमण व्यवस्थापन समिति, सप्तरीको मिति २०७८।२।३१ को निर्णय अनुसार जिल्लाका मुख्य शहरहरुमा अर्को आदेश नभएसम्म निषेधाज्ञा यथावत कायम रहेको र कोरोना संक्रमणसमेत हाल नियन्त्रणमा नआएको सन्दर्भमा आज मिति २०७८।२।३१ गते शुक्रबार यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्रकुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको पूर्ण बैठकबाट यस अदालतबाट हाल सुचारु गरिँदै आएका देहायका सेवाहरुलाई मिति २०७८।३।११ गते शुक्रबारसम्म यथावतरुपमा निरन्तरता दिई सुचारु गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट आम सेवाग्राहीहरुमा पर्न जाने असुविधाप्रति अदालत प्रशासन क्षमाप्रार्थी छ । यस सूचनाका सम्बन्धमा कुनै दुबिधा भए यस अदालतको टोल फ्रि नम्बर १६६०३१५२००५ र ०३१-५३००९४ मा सम्पर्क गरी जानकारी लिन सकिनेसमेत जानकारी गराइन्छ ।

..........................

(युवराज खतिवडा)

शाखा अधिकृत

शाखा अधिकृत

# सप्तरी जिल्ला अदालत

राजविराज

[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९

टोल फ्री नं. १६६०३१५२००५


## अदालतबाट सुचारु भएका सेवाहरु

- पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप गर्ने र कल डिटेल सम्बन्धी अनुमति लिने कार्य अनिवार्यरुपमा अनलाइन वा भिडियो कन्फ्रेन्समार्फत नियमित गर्ने गराउने,
- अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश सम्बन्धी कार्य गर्ने
- बाल सुधार गृहमा रहेका बाल बालिका जिम्मा लिने सम्बन्धी निवेदन दर्ता र सो उपर हुने कारवाही
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन दर्ता र सुनुवाई गर्ने,
- बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञाको रिट निवेदन तथा घरेलु हिंसा सम्बन्धी फिराद पत्र दर्ता र सुनुवाई
- मुद्दा फिर्ता, मिलापत्र र फैसला कार्यान्वयनतर्फ घरसारमा रकम बुझी निवेदनमार्फत रोक्का जग्गा फुकुवा सम्बन्धी कार्य, कैद भुक्तान भई छाड्ने विषय र जरिवाना बुझाउन पाउने,
- यस अगाडि नै कसूर कायम भई सजाय निर्धारणको लागि पेशी तोकिएकोमा सुनुवाई गर्ने,
- नयाँ भेरिएन्टसहितको कोभिड-१९ सँग सम्बन्धित निवेदनहरु दर्ता र सुनुवाई,
- यस अवधीमा मिलापत्र प्रयोजनका लागि फिरादपत्र, प्रतिउत्तरपत्र र मिलापत्रसमेत एकै दिन पेश हुन आएमा दर्ता गरी सोही दिन मिलापत्र गर्ने ।
- यस अदालतबाट सेवा संकुचन गरिएको मिति २०७८।१।२२ गते भन्दा अगावै तारेख गुज्रिन गई कानुन बमोजिम थाम्ने थमाउने म्याद समाप्त भइसकेका मुद्दाहरुको डिसमिस र तामेलीका काम कारवाही नियमित गर्ने ।
- उल्लेखित सेवाहरुबाहेक यस अदालतबाट भएका मुद्दा पेशी तथा अन्य तारेख लगायतका सम्पूर्ण काम कारवाहीहरु सूचनामा तोकिएको अवधिसम्म स्थगन गरिने र सूचना अवधीभर हदम्याद, म्याद र तारिख नगुज्रिने ।
- मिति ०७८।३।११ गते अगावै नेपाल सरकार, सर्वोच्च अदालत वा स्थानीय प्रशासनबाट कुनै निर्णय भई परिस्थितिमा परिवर्तन हुन गएमा पुनः निर्णय गरी सो बमोजिम सेवा प्रवाह सम्बन्धी अर्को सूचना प्रकाशन गरिनेछ ।